**निर्णय नं. १** यस पुतली बजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय स्याङ्गजा अन्तरगत सञ्चालित जाडखोला – पेल्काचौर सडक स्तरउन्नती कार्यको ठेक्का नम्बरः PBM/WORKS/NCB-05/076/077 को ठेक्का सम्झौता श्री गीता /सिम्रन/ श्री क्रियटिभ जे.भि. , पुतलीबजार -५ , स्याङ्गजा सँग मिरि २०७७/०३/३० मा गरिएको ठेक्का सम्झौतानुसार निर्माण कार्य गर्ने क्रममा उक्त क्षेत्रको भौगोलिक बनावट , साईट कन्डिशनलाई मध्य नजर गरि सडक निर्माण कार्यको ड्रईङ, डिजाईनको केही आईटमहरुको परिमाणहरुमा थप धट गरी निर्माण गर्नु पर्ने हुदा उक्त टेक्का नं. PBM/WORKS/NCB-05/076/077 को लागि सार्वजनिक खरिद ऐन , २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाको वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यन्वयनको क्रममा सिर्जना भई भेरियसन आदेश जारी गर्न सकिने व्यवस्था भए बमोजिम उक्त सडक खण्डको लागि ठेक्का सम्झौताको कुल सम्झौता रकम रु ५,६२,९३,९२५.४० को २३.६८ प्रतिशत बढी रु १,३३,३१,९८५.३० थप रकमको भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** यस पुतली बजार नगरपालिका अन्तर्गतका नदिनालाहरुका ढुङ्गा, गिटी , वालुवाको निकासी कर असुली बन्दोबस्तका लागि मिति २०७९/५/२८ मा प्रकाशित ३० दिने ईलोक्टेनिक विड मार्फत बोलपत्रको सूचना प्रकाशन गरिएकोमा सेतिदोभान दुइघरे दुलेरह देखि पुतलिखेत पक्की पुल सम्मको आँधिखोला माथिल्लोनाकाको न्यूनतम रु ११,७३,२५४.०० मा रु १५,४२,४५०.०० ( मु .अ.क. कर समेत ) कवोल गरेको सौजन कन्ट्रक्सन पुतली बजार नगरपालिका ( प्रो. सौजन गुरुङ) को बोलपत्र सारभुत रुपमा प्रभावकारी देखिएकोले स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस पुतली बजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय वडा नं. ४ अन्तर्गत जन जागरण टोल विकास संस्था मार्फत भएको भवन निर्माण कार्यको भुक्तानी दिन बाकी रकम रु ४,०२,८३७.१७ सम्बन्धित शिर्षक बाट खर्च बेहोरिने गरि भुक्तानी दिन स्विकृती दिने निर्णय गरियो ।

**निर्णय नं. ४** यस पुतली बजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय स्याङ्गजा मा कार्यरत विगत देखिका सेवा करार कर्मचारीहरुको कार्य प्रभावकारी रुपमा अगाडि बढाउन पर्ने आवश्यक देखिएकोले आगामी २ महिनाको लागि म्याद थप गर्ने नगर कार्यपालिकाको कार्यालयलाई स्विकृतिदिने निर्णय गरियो।

**निर्णय नं. ५** यस पुतली बजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय स्याङ्गजा अन्तर्गत सञ्चालित सुरक्षित आप्रवास कार्यक्रमका MRCमा कार्यरत कर्मचारी रमेश पौडेल र यम कुमारी जि.टी. लाई तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरि आगामी दुई महिनाको लागि कामकाज गराउने निर्णय गरियो ।

**निर्णय नं. ६** यस पुतली बजार नगरपालिका स्याङ्गजा अन्तर्गतको वन वातावरण तथा विपद् व्यवास्थापन विषयगत समितिको मिति २०७९/०७/०३ गते को विपद् जन्य घटनाहरुबाट पिडित ब्यक्ति परिवार तथा संस्थालाई राहत प्रदान गर्ने तथा आर्थिक सहयोग गर्नेसम्बन्धि निर्णय स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** यस पुतली बजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय स्याङ्गजा अन्तर्गतको लेखा समितिका संयोजक लाई आवश्यकता अनुसार नगरकार्यपालिकाको वैठकमा आमन्त्रीत सदस्यको रुपमा आमन्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** यस पुतली बजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय स्याङ्गजा मा पेश भएको रारा निर्माण सेवा ( प्रो. निरज कोईराला) पुतलीबजार नगरपालिका -१३ लाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित